# लालझाडी राजपत्र

## लालझाडी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ४ मिति २०८१ असोज १ गते**

## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७७** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो मापदण्ड प्रकाशन गरिएको छ;

संवत् २०८१ को कार्यविधि नं. २

**<u>प्रस्तावनाः</u>** लालझाडी गाउँपालिकाको आर्थिक तथा सामाजिक समृद्धिमा टेवा पुऱ्याउनका लागि लालझाडी गाउँपालिकाको कुनै क्षेत्रमा बसोबास गरेका व्यक्तिहरुले सामुहिक रुपमा संगठित भई काम गर्न चाहेमा त्यस्तो समुह/समिति/महिला

समुह/कृषक समुह/उद्यमी/व्यवसायी समुह सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

लालझाडी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम **“समुह/समिति दर्ता तथा सञ्चालन कार्यविधि,२०८१”** हुनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भै लालझाडी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **“गाउँपालिका”** भन्नाले लालझाडी गाउँपालीकालाई सम्झनु पर्दछ ।

ख) “प्रमुख” भन्नाले गाउँपालीकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "कार्यालय प्रमुख" भन्नाले लालझाडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) “विषयगत समिति” भन्नाले गाउँपालीकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली अन्तर्गत गठित विषयगत समितिलाई सम्झनुपर्दछ ।

ङ) “संगठित समुह” भन्नाले लालझाडी गाउँपालिकाको कुनै क्षेत्रमा बसोबास गरेका व्यक्तिहरुले सामुहिक रुपमा संगठित भई काम गर्न चाहेमा त्यस्तो समुह / समिति / महिला समुह / कृषक समुह / उद्यमी / व्यवसायी समुहको सामूहिक संगठनलाई सम्झनुपर्छ ।

च) “वडा कार्यालय” भन्नाले लालझाडी गाउँपालिका अन्तरगत रहेका निर्वाचित वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) “कार्यालय” भन्नाले लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

३. <u>**संगठित समुहको उद्देश्य र कार्यक्षेत्रः**</u> (१) संगठित समुहको उद्देश्य र कार्यक्षेत्र समुहको विधानमा उल्लेख भए बमोजिम हुने छ । त्यस्तो उद्देश्य र कार्यक्षेत्र प्रचलित कानुनको परिधि भित्र हुनु पर्ने छ ।

लालझाडी गाउँपालिका

(२) संगठित समुहको उद्देश्य र कार्यक्षेत्र थपघट गर्नु परेमा संगठित समुहको भेलाले गरेको निर्णय एउटै वडा भित्र भए वडाबाट र एक भन्दा वडा भएमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने छ ।

४. <u>सगठित समुह गठन हुनु</u> पर्ने (१) समुह निर्माण गर्दा टोल र भौगोलिक वनावट एवं वस्ति मिलेको क्षेत्रबाट कम्तिमा ७ घरपरिवार वा सदस्य समेटिने गरि गठन गर्नु पर्नेछ ।

(२) समुह गठन गर्दा सकभर महिला सहभागिता रहनु पर्ने छ ।

५. <u>सदस्यताको लागि पुग्नु पर्ने योग्यताः</u> (१) संगठित समुहको सदस्य हुनका लागि निम्नानुसारको योग्यता हुनु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

ख) सम्बन्धित क्षेत्रको स्थानीय बासिन्दा भएको।

ग) सम्बन्धित पेशामा संलग्न भएको।

घ) कुनै सांगठनिक / अपराधिक क्रियाकलापमा संलग्न नभएको।

ङ) सबै सदस्यहरुले निस्वार्थभावले काम गर्ने भावना भएको हुनु पर्ने ।

च) प्रति परिवार १ जना मात्र सदस्य हुन पाउने ।

६. **दर्ता प्रक्रियाः** (१) संगठित समुह दर्ता गर्नका लागि गठन भएका संगठित समुहका सदस्यहरुको प्रारम्भिक भेलाको निर्णय ।

(२) भेलाले गठन गरेको संगठित समुहको प्रथम बैठकमा दर्ता गर्ने निर्णय गरेको हुनु पर्ने ।

(३) समितिमा रहने सदस्यको नागरिकताको प्रतिलिपि संलग्न हुनु पर्ने ।

(४) वडा कार्यालयको सिफारिस पत्र हुनु पर्ने।

(५) दर्ताका लागि निवेदन अनुसूची १ बमोजिम भएको हुनु पर्ने ।

(६) दर्ता शुल्क रु. ५०० तिरेको रसिद संलग्न हुनु पर्ने ।

(७) प्रचलित कानुनको विपरित नहुने गरी अनुसूची ३ मा उल्लेख गरिएको नमुना अनुसारले तयार गरिएको विधान २ प्रति हुनु पर्ने।प्रत्येक पानामा समितिका पदाधिकारिहरुले तल माथि दस्तखत गरेको हुनु पर्ने ।

(८) समुहको आफ्नै छाप र लेटरप्याड हुनु पर्ने छ ।

७. **प्रमाण पत्र प्रदान गर्नेः** (१) आवश्यक कागजात पुरा गरी गाउँपालिका कार्यालयमा दर्ताका लागि समुहको निवेदन प्राप्त भएको मितिले ३ दिन भित्र अनुसूची २ बमोजिमको प्रमाण पत्र प्रमुख प्रशासकीय अधिकृतले वा निजले तोकेको कर्मचारीले उपलव्ध गराउनु पर्नेछ ।

(२) दर्ता भएका समुहको अभिलेख व्यवस्थापन गर्ने जिम्मा गाउँपालिकाको हुनेछ ।

८. **नविकरणको व्यवस्थाः** (१) संगठित दर्ता भएका समुह प्रत्येक आर्थिक वर्षमा नविकरण हुनु पर्ने छ ।

(२) नविकरण हुनका लागि वर्षमा कम्तिमा ४ पटक समुहको बैठक बसेको हुनु पर्ने छ ।

(३) वार्षिक साधारण सभाबाट पारित भएको आर्थिक प्रतिवेदन संलग्न हुनु पर्ने छ ।

(४) वार्षिक प्रगति प्रतिवेदन संलग्न हुनु पर्ने छ ।

(५) गाउँपालिकाले तोकेको वार्षिक नविकरण शुल्क आर्थिक ऐनले व्यवस्था गरेकोमा सोही बमोजिम अन्यथा रु.३०० बुझाएको प्रमाण ।

(६) तोकिएको ढाँचाको निवेदन

९. **<u>उद्देश्य, कार्यक्षेत्र थपघट वा संशोधनः</u>** (१) संगठित समुहको उद्देश्य वा कार्यक्षेत्र वा अन्य कुरा संशोधन गर्नु परेमा संगठित समुहको भेलाको निर्णय र समितिको निर्णय सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्ने छ ।

१०. **दर्ता खारेजीः** (१) संगठित समुहले प्रचलित कानुन बमोजिम कार्य नगरेको भनि उजुरी पर्न आएमा गाउँपालिकाबाट छानविन गरि तिर्नु बुझाउनु पर्ने हरहिसावको फेहरिस्ता तयार गरि तिर्न बुझाउन लगाई प्रमाणका आधारमा गाउँपालिकाले खारेज गर्न सक्ने छ ।

(२) संगठित समुहको भेलाले निर्णय गरि खारेजीको माग गरेमा तिर्नु बुझाउनु पर्ने हरहिसावको फेहरिस्ता पेश गरि तिर्न बुझाउन लगाई प्रमाणका आधारमा गाउँपालिकाले खारेज गर्न सक्ने छ ।

११. **<u>कार्यविधि संशोधन</u>ः** (१) यस कार्यविधिको संशोधन कार्यपालिकाको निर्णय बमोजिम हुने छ ।

१२. **बाधा अडकाउः** यस कार्यविधिको ब्याख्या गर्ने तथा बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

## अनुसूची -१

*दर्ता दरखास्तको नमुना*

मितिः..................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर ।

विषयः ..........................समुह दर्ता गरि दिनु हुन ।

महोदय,

हामी देहायका व्यक्तिहरू तपसिलको विवरण खोली ...............समुह दर्ता गरि पाउन निवेदन पेश गर्दछौं । उद्देश्य अनुरूप समुहले तत्काल गर्ने कार्यको कार्ययोजना विधान तथा अन्य आवश्यक कागजातहरू यसै निवेदन साथ संलग्न राखी पेश गरेका छौं ।

प्रस्तावित समुहको नामः
ठेगानाः
उद्देश्यः
कार्यक्षेत्रः
सदस्य संख्याः
महिलाः
पुरुषः

निवेदक
नामः
पदः
सम्पर्क नम्बरः
हस्ताक्षरः



लालझाडी गाउँपालिका

# अनुसूची -२

*(अगाडी दर्ता प्रमाण पत्र/पछाडी नविकरण विवरण)*

*समुह/समिति दर्ता प्रमाण पत्रको नमुना*

**लालझाडी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शंकरपुर, कञ्चनपुर**

स्था. २०७३

समूह/समिति दर्ता प्रमाण-पत्र

दर्ता नम्बरः मितिः..................

लालझाडी गाउँपालिका वडा नं. ...... स्थित गठन भई क्रियासिल रहेको ................................................ समुह/समितिलाई लालझाडी गाउँपालिका समुह / समिति दर्ता तथा सञ्चालन कार्यविधि, २०८१ बमोजिम दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

दर्ता गर्ने

नामः

दर्जाः

वार्षिक नविकरण

| नविकरण गरेको मिति | दर्ता प्रमाण पत्र बहाल रहने अवधी | रसिद नं. / नविकरण दस्तुर | नविकरण गर्नेको हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

लालझाडी गाउँपालिका

# अनुसूची -३
## *समुह/समितिको विधानको नमुना*

**प्रस्तावना**

१. प्रारम्भिक

१.१ संक्षिप्त नाम प्रारम्भ

क) यस समूहको नाम

ख) यो विधान लालझाडी गा.पा.मा दर्ता भए पछि लागु हुने छ ।

१.२ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा:

१.३ समूहको छाप:

१.४ समूहको कार्यालय :

१.५ समूहको दर्ता :

२. उद्देश्य तथा कार्य

२.१ उद्देश्य :

३. सदस्यता:

३.१ सदस्यको लागि योग्यता:

३.२ साधारण सदस्य:

३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)

४. साधारण सभा तथा कार्य समिति

४.१ साधारण सभा

४.२ साधारण सभाको अधिवेशन

४.३ साधारण सभाको काम कर्तव्य र अधिकार

४.४ साधारण सभाको गणपूरक संख्या:

४.५ कार्य समिति गठन विविध:

४.६ कार्य समितिको काम, कर्तव्य र अधिकार:

४.७ समूहको बैठक:

५. पदाधिकारीको काम, कर्तव्य अधिकार

५.१ अध्यक्षको काम कर्तव्य अधिकार

५.२ उपाध्यक्षको काम काम कर्तव्य अधिकार

५.३ सचिवको काम काम कर्तव्य अधिकार

५.४ कोषाध्यक्षको काम काम कर्तव्य अधिकार

५.५ कार्य समिति सदस्यहरूको काम काम कर्तव्य अधिकार

६. आर्थिक व्यवस्था:

६.१ आर्थिक श्रोत :

६.२ वृहतकोष :

६.३ वृहतकोष परिचालन :

६.४ विलम्ब शुल्क :

६.५ लगानीको सुविधा :

६.६ लेखापरीक्षण :

७. विविध

७.१ निर्वाचन सम्बन्धी व्यवस्था:

७.२ पदावधी :

७.३ उम्मेदवारको अयोग्यता :

७.४ अविश्वासको प्रस्ताव :

७.५ राजीनामा :

७.६ विधान संशोधन :

७.७ नियम बनाउने :

७.८ उप–समिति गठन गर्न सक्नेछ :

७.९ विघटन :

७.१० समूह छोड्नुपने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएको अवसर:

७.११ समूहको चल अचल सम्पति :

आज्ञाले

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका